## नमुना प्रश्न-८
## विषय : नेपाली - १२

**पूर्णाङ्क : ७५**

*विद्यार्थीले सकेसम्म आफ्नै शब्दमा उत्तर दिनुपर्नेछ ।*

**१. तलको अनुच्छेदमा रेखाङ्कन गरिएका शब्दको अक्षर संरचना र अक्षर सङ्ख्या देखाउनुहोस् : (३)**

विश्वव्यापी रुपमा बढिरहेको प्रदूषणले पृथ्वीको जलवायुमा प्रत्यक्ष रुपमा असर पारेको छ । प्रदूषणका कारण फोक्सोको प्रतिरोधात्मक क्षमता कमजोर भएकाले धेरै मानिसको मृत्यु भएको आँकलन चिकित्सकले गरेका छन् ।

**२. शुद्ध गरी पुनर्लेखन गर्नुहोस् : (३)**

हेर्नुस् बद्रीजी हामीले खेतमा राशायनिक मल र विषादिको प्रयोग गर्‍यौं । वालीको ऊत्पादन बढाउने काममा साथीहरुले तपाईं सँग सल्लाह मागेका छन्

**३. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : (२)**

**(क) दिइएका अंशबाट एकओटा पारिभाषिक शब्द र एकओटा अनुकरणात्मक शब्द पहिचान गरी वाक्यमा प्रयोग गर्नुहोस् :**

मानिसको जीवनमा सुख र दु:खहरु आइरहन्छन् । जीवन भनेकै घाम र छाया हो । आँसुसँग धुरुधुरु रुँदै र हाँसोसँग मुसुक्क मुस्कुराउँदै जीवन जिउँनुपर्दोरहेछ । यसरी जस्तो परिस्थिति आए पनि त्यसको नहड्बढाइ फटाफट सामना गर्ने मानिसले नै जीवनमा सफलता पाउँने रहेछ ।

**ख) दिइएको अनुच्छेदबाट एउटा उखान र एउटा टुक्का पहिचान गरी तिनलाई वाक्यमा प्रयोग गर्नुहोस् :**

हुने बिरुवाको चिल्लो पात भने झैँ सबै साथीलाई मेख मार्दै परीक्षामा प्राप्त गरेको स्वप्निलको सफलताबाट उसका बाबुआमा र सबै अभिभावक खुसीले गद्‌गद भए । अकबरी सुनलाई कसी लगाउनु पर्दैन भन्दै मेधावी विद्यार्थी स्वप्निलले सबैको नाक राखेकामा आफूलाई धेरै खुसी लागेको कुरा विद्यालयका प्रधानाध्यापकले मुसुमुसु हाँस्दै सबैलाई बताए ।

**४. तलको अनुच्छेदमा रेखाङ्कन गरिएका शब्दको शब्दवर्ग पहिचान गर्नुहोस् : (३)**

अहिले समाजका अशिक्षित, पिछडिएका एवम् गरिब मानिसहरूमा विस्तारै चेतनास्तर बढिरहेको छ । यो क्रम अझ गतिशीलबन्न सके आगामी दशवर्षसम्ममा धेरैजसो गरिबहरू पनि धनी बन्ने छन्।

**५. तलको अनुच्छेदबाट दुई दुई ओटा तत्सम र आगन्तुक शब्द पहिचान गरी लेख्नुहोस् : (२)**

रात्रीकालीन समय थियो । म लालटिन बोकेर खेततिर लागेँ । उताबाट जर्नेलसाहेब आइपुग्नुभयो । उहाँको हातमा रेडियो थियो । उहाँ मोबाइलको लाइट बालेर बाटो काट्तै हुनुहुन्थ्यो । राति वन्यजन्तुको सिकार गर्न सिकारीहरू आए । हामी सबै मिलेर सिकारीलाई धपायौँ ।

**६.कुनै एक प्रश्नको उत्तर दिनुहोस् : (३)**

**क) तलको अनुच्छेदबाट तीनओटा उपसर्ग व्युत्पन्न शब्द र तीनओटा प्रत्यय व्युत्पन्न शब्द पहिचान गरी तिनको निर्माण प्रक्रिया देखाउनुहोस् :**

प्रमुख राजनीतिक दलहरुले गैरजिम्मेवार बनेर देशलाई अनिर्णयको बन्दी बनाउनु हुँदैन । दलीय कर्तव्यलाई बुझेर सकेसम्म चाँडै नै निकास दिने काममा केन्द्रित हुनु जरुरी छ ।

**ख) तलको अनुच्छेदबाट तीनओटा समस्त शब्द र तीनओटा द्वित्व शब्द पहिचान गरी तिनको निर्माण प्रक्रिया देखाउनुहोस् :**

रामबहादुर मामाघर जान भनी हिँडेछन् ।त्रिवेणी घाटमा पुगेपछि उनी एउटा पाँचतले घरमा उक्लिएछन् । माथि कोठामा पुग्दा उनले स-साना केटाकेटीहरूलाई देखेछन् । उनीहरू त आपसमा झै-झगडा पो गरिरहेका रहेछन् । उनले ती केटाकेटीहरूलाई यस्तो आल्तुफाल्तु कुरामा झगडा गर्नु हुँदैन भनेर सम्झाएछन् र त्यही बेला मामा पनि टुप्लुक्क आइपुग्नु भएछ । मामाले ती केटाकेटीहरूलाई, "भान्दाइको अगाडि पढाइसढाइ छाडेर के को झगडा गरेका, लौ भातसात खाएर पढ्न थालिहाल" भनेर लगार्नु भएछ ।

**७) कुनै एक प्रश्नको उत्तर दिनुहोस् : (४)**

(क) ले, लाई, बाट, देखि, द्वारा, को, रो, मा विभक्ति लागेका भिन्न भिन्न कारकको प्रयोग गरी चार वाक्यमा आफ्नो भविष्यको योजना बनाउनुहोस् ।

ख) वाक्य ढाँचासहित एकवचनलाई बहुवचनमा परिवर्तन गर्नुहोस् :

यो मेरो भतिज हो ।ऊ विद्यालयमा अनुशासित विद्यार्थीका रूपमा चिनिएको छ । उसको एउटा साथी छ । ऊ पनि मिहिनेती छ । भतिज साथीसँग मिलेर बस्छ ।

**८. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : (४)**

**(क) इच्छार्थक भावको प्रयोग गरी चार वाक्यमा सुन्दर नेपालको वर्णन गर्नुहोस् ।**

**(ख) तलका दिइएका वाक्यको वाच्य परिवर्तन गर्नुहोस् :**

विदेश गइयो । पाँच वर्ष पढियो । देश हेरियो । आफ्नै देशमा आएर उद्यमी बनियो ।

**९. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : (४)**

**(क) तलका आठओटा सरल वाक्यलाई चारओटा जटिल वाक्यमा संश्लेषण गर्नुहोस् :**

वसन्त ऋतुको आगमन भयो । कोइलीहरु सुमधुर स्वरमा कराए । समय चक्र परिवर्तन भएर हिउँद लाग्यो । कोइलीहरु हराए ।सृष्टि चक्रमा यही उतारचढाव छ । जीवनमा पनि यही होची अर्घेली आइरहन्छ । हिँड्नु हाम्रो कर्तव्य हो । पुग्नु नपुग्नु हाम्रो अधिनमा छैन ।

**(ख) तलका वाक्यलाई प्रत्यक्ष कथनमा परिवर्तन गर्नुहोस् :**

रमेशले तरकारी किन्न बजार जाने कुरा गर्‍यो । उसकी श्रीमतीले उसलाई काउली, आलु, टमटर र लसुन ल्याउन भनी । कान्छो छोराले पनि उसलाई कापी ल्याइदिनु भन्यो । छोरीले पनि चिच्चाएर आफूलाई खेलौना चाहिएको कुरा सुनाई ।

१०. **तलको गद्यांश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :** **(५×१=५)**

शिक्षामा महिलाहरु पछि पर्नुमा आर्थिक तथा सामाजिक कारणहरु नै प्रमुख भए तापनि देशको भौगोलिक बनोट तथा राजनीतिक कारण पनि प्रमुख रहेको छ । आर्थिक एवम् सामाजिक कारणका रुपमा आर्थिक विपन्नता, शैक्षिक चेतनाको कमी, परम्परागत सामाजिक धारणा, अन्ध विश्वास तथा रुढिवाद, छिटो विवाह, घरेलु काममा सहभागिता जस्ता कारणहरु प्रमुख छन् । यस्ता कारणहरुलाई ध्यानमा राखी योजना र कार्यक्रम सञ्चालन गरे महिला शिक्षालाई अगाडि बढाउन सकिन्छ । समाजमा व्याप्त नकारात्मक धारणा त्यागी सकारात्मक भावनाको विकास गर्न सके नारी शिक्षाको विकास सहजै हुने थियो । यसका लागि शैक्षिक चेतना अभिवृद्धि गर्ने खालका कार्यक्रमहरु ल्याउन आवश्यक छ । यसका लागि भौगोलिक दृष्टिले विकट र दुर्गम क्षेत्रका विद्‌यालय तथा अन्य शिक्षण संस्था खोल्ने कामलाई प्राथमिकता दिनु पर्छ । विपन्न वर्गका महिलाका लागि आयमूलक कार्यक्रम तथा रोजगारीको अवसर सिर्जना गरिनु आवश्यक छ ।

**प्रश्नहरु :**

क) शिक्षामा महिलाहरु पछि पर्नुका कारणहरु के के हुन् ?

ख) शिक्षामा महिला सहभागिता कसरी बढाउन सकिन्छ ?

ग) महिला शिक्षाको विकासका लागि के कस्ता योजना बनाउनु पर्छ ?

घ) शिक्षामा महिलाहरुलाई अगाडि बढाउन के कुरालाई प्राथमिकता दिनुपर्छ ?

ङ) विपन्न वर्गका महिला पछि पर्नुको कारण के हो ?

**११. तलको अनुच्छेद पढी मुख्यमुख्य पाँच बुँदा टिपोट गर्नुहोस् :** **(२+३=५)**

परिपक्वता र सिकाइ मानिसमा हुने विकासका लागि आवश्यक दुई भिन्दै प्रकारका प्रक्रिया भए तापनि यी दुवै एकअर्कासँग प्रत्यक्ष रूपमा सम्बन्धित हुन्छन् । मानव विकास यी दुवै प्रक्रियाहरूको सम्मिलित प्रभावको प्रतिफल नै हो । मानव विकासका क्रममा यी दुवैलाई अलग्याएर जाँच्न सकिँदैन । मानव विकास क्रममा गर्भावस्था एकमात्र यस्तो अवस्था हो जसमा विकास मुख्य रूपमा परिपक्वताका कारणले नै हुन्छ । जब मानिस जन्मन्छ त्यसपछिका विकास कार्यहरू परिपक्वता र सिकाइ दुवैका अन्तरक्रियाको फलस्वरूप नै हुन्छ । यी दुवै एकअर्काका सहयोगी र पूरकका रूपमा रहेका हुन्छन् । उदाहरणका लागि भाषा सिक्न मस्तिष्क एक निश्चित सीमासम्म परिपक्व हुनुपर्छ भने बालकले भाषा सिक्ने अवसर पनि पाउनुपर्दछ । परिपक्वता सिकाइको पूर्वाधार हो भने सिकाइको अभावमा भएको परिपक्वता निरर्थक हुन्छ । बालक परिपक्व भएर मात्र उसको विकास भएको मान्न सकिँदैन । विकासका लागि उसमा

उमेर अनुसारको सिकाइ हुनु पनि आवश्यक छ ।

**१२. कुनै एक प्रश्नको उत्तर लेख्नुहोस् :** **(४)**

(क) विद्यार्थीहरुको 'वनभोज' कार्यक्रमका लागि आयोजकका तर्फबाट निकालिने एउटा सूचनाको नमुना तयार पार्नुहोस् ।

(ख) आफ्नो परिवारको सदस्यको शल्यक्रिया गर्नका लागि आफूले सम्बन्धित अस्पताललाई दिइएको मञ्जुरीनामाको नमुना तयार पार्नुहोस् ।

**१३. कुनै एक प्रश्नको उत्तर लेख्नुहोस् :** **(५)**

(क) आफ्नो विद्यालयमा सम्पन वार्षिकोत्सव कार्यक्रमका सबै कुरा समेटी १५० शब्दसम्मको एउटा प्रतिवेदन तयार गर्नुहोस् ।

(ख) 'वैदेशिक रोजगारप्रतिको आकर्षण' शीर्षकमा १५० शब्दसम्मको एउटा टिप्पणी तयार गर्नुहोस् ।

**१४. कुनै एकको व्याख्या गर्नुहोस् :** **(४)**

(क) हिउँ बगी बगी हाम्रो बाटो रोकिदेला
विष लागी लागी सारा सास रोकिदेला
अघि बढौँ पाइलैपिच्छे मुटु हाम्रो हान्छ
पछि फर्कूँ यतिन्जेलको दुःखै खेर जान्छ ।

(ख) वास्तवमा कलम र हृदय दुवैको मेल भएपछि राम्रो लेख्न सकिने रहेछ ।

**१५. कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** **(४)**

**(क) तलको कविताांश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

हेरौँला, त्यो हुरी भएर आउने छ
तिमी पात भएर पछ्याने छौ
उहिले त्यो जीवनलोकबाट झरेर जून जस्तो पोखिँदा
सारा जडता सगबगाएको थियो, बा,
त्यो आउने छ , तिमी उठ्ने छौ ।

**प्रश्नहरु :**

(क) यहाँ कविले त्यो भनेर केलाई सम्बोधन गरेका हुन् ?

(ख) त्यो हुरी भएर आउने छ, तिमी पात भएर पछ्याउने छौ भन्नुको तात्पर्य के हो ?

**(ख) तलको उपन्यासको अंश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

आज भर्खर जेठको १५ गते तर यसपालि बर्सात् खुब भइरहेकाले जेठ १५ गतेभित्रै पनि धेरैको असार सिद्धिसकेको छ । यसपालि असार राम्रो हुने देखेर किसान बिघ्नै खुसी छन् । शिवनारानको खेतमा त झन् एक हप्ताअगाडिदेखि नै रोपाइँ सिद्धिसकेकाले उनको परिवार त झन् विजेता झैँ प्रफुल्ल भएर फुलिरहेको छ । तर रोपाइँको समाप्तिले सुख प्राप्त भए पनि उनीहरुलाई डर भइरहेको छ । यसको कारण हो उनीहरुको घर थोत्रो छ भत्किहाल्ला, खसिहाल्लाको अवस्थामा पुगिसकेको छ । अलिकति पानी पर्‍यो कि त दुई तलासम्म चुहुने भइसकेको छ । अलि बढ्ता बतास आयो कि क्वार्रकुर्र आवाज आउन

थालिसकेको छ । यस कारण पानी परेको, बतास आएको दिन शिवनारानको परिवारका प्रत्येक सदस्य डरले त्राहिमाम् हुन्थे ।

**प्रश्नहरु**

(क) शिवनारानको परिवार किन विजेता झैँ प्रफुल्लित हुन्थे ?

(ख) शिवनारानको परिवार डरले त्राहिमाम् हुनुको कारण के हो ?

**१६. कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** **(४)**

(क) 'नारी प्रेम र सङ्घर्षका प्रतिमूर्ति कसरी हुन्' विरहिणी दमयन्ती कथाका आधारमा प्रतिकिया लेख्नुहोस् ।

(ख) तपाईंलाई छिरिङसँगको वार्ताका आधारमा तयार पारिएको जीवन मार्ग कस्तो लाग्यो? तर्कसहित आफ्नो विचार दिनुहोस् ।

**१७. कुनै एक प्रश्नको समीक्षात्मक उत्तर दिनुहोस् :** **(८)**

(क) आमाको सपना कवितामा कविले क्रान्ति किन र कसरी आउने कल्पना गरेका छन् ?

(ख) स्टिफन विलियम हकिङले मानवीय चेतनालाई नयाँ उचाइमा पुऱ्याउन गरेको योगदानको समीक्षा गर्नुहोस् ।

**१८. कुनै एक शीर्षकमा कम्तीमा २५० शब्दसम्मको निबन्ध लेख्नुहोस् :** **(८)**

(क) मानव बेचबिखन विरुद्ध हाम्रो दायित्व

(ख) देश विकासमा युवा वर्गको भूमिका

(ग) म र मेरो समाज